# <u>प्रेस विज्ञप्ति</u>

मितिः २०८२/०५/१३ गते

चिकित्सा शिक्षा आयोगले हालै MBBS तथा BDS तहमा सिट संख्या वृद्धि गर्ने निर्णय गरेको विषयमा हामी सकारात्मक धारणा प्रकट गर्दछौं। यो निर्णय नेपाली चिकित्सा शिक्षा क्षेत्रमा गुणात्मक तथा मात्रात्मक उन्नतिको दृष्टिले सराहनीय छ। यद्यपि, नेपालका अधिकांश सरकारी तथा निजी मेडिकल तथा डेन्टल कलेजहरूको भौतिक पूर्वाधार, अत्याधुनिक उपकरण, दक्ष जनशक्ति तथा शैक्षिक वातावरणको पूर्ण उपयोग हुन MBBS मा **न्यूनतम १५० सिट र BDS तर्फ न्यूनतम १०० सिट** तोकिँदा मात्र सम्भव हुने हाम्रो ठहर छ । हालको अवस्थामा मौजुदा स्रोतसाधनहरूको पर्याप्त प्रयोग हुन नसक्ने र ठूलो मात्रामा पूर्वाधार खेर जाने परिस्थिति उत्पन्न भएको तथ्य हामीले बारम्बार औंल्याउँदै आएका छौं। नेपालका शिक्षण संस्थाहरूलाई अझ प्रभावकारी र उत्पादक बनाउन आवश्यक स्रोतसाधनहरूको अधिकतम उपयोगका लागि MBBS मा न्यूनतम १५० सिट र BDS तर्फ न्यूनतम १०० सिट तोक्नु उपयुक्त मात्र नभई अनिवार्य भएको हामी विश्वास गर्दछौं।

विश्वव्यापी सन्दर्भमा स्वास्थ्यकर्मी तथा चिकित्सा पेशामा संलग्न विज्ञहरूको माग तीव्र गतिमा बढिरहेको छ । नेपालका शिक्षण संस्थाले विगतमा आफ्ना क्षमताअनुसार MBBS मा प्रति सत्र १५० विद्यार्थीलाई अध्यापन गर्दै आएका थिए र तिनीहरूले अन्तर्राष्ट्रिय बजारमा आफ्नो दक्षता प्रमाणित गरेको तथ्य सर्वविदित छ। यसरी विगतकै अभ्यासले देखाएको जस्तो, सिट संख्या वृद्धि गर्दा गुणस्तरमा कुनै असर नपर्ने मात्र नभई उपलब्ध स्रोतसाधनहरूको अधिकतम उपयोग हुने स्पष्ट प्रमाणित हुन्छ ।

आयोगले हाल MBBS तर्फ १०० बाट १३० सिट र BDS तर्फ ५० बाट ६० सिट वृद्धि गरेको निर्णयलाई हामी हार्दिक स्वागत गर्दछौं तर, राष्ट्रिय आवश्यकतासँगै उपलब्ध पूर्वाधारको दीर्घकालीन सदुपयोगका लागि MBBS मा **न्यूनतम १५० सिट र** BDS तर्फ **न्यूनतम १०० सिट** तोक्ने नीतिगत निर्णय लिन हामी पुनः हार्दिक अपिल गर्दछौं।

यथार्थमा, नेपालमा अपर्याप्त सिट संख्याका कारण कयौं विद्यार्थी चिकित्सा शिक्षाका लागि विदेशिन बाध्य भईरहेको अवस्था छ । हाम्रो प्राथमिकता सधैं नेपाली विद्यार्थीहरूकै लागि हो – ताकि उनीहरू आफ्नै देशमा गुणस्तरीय शिक्षा प्राप्त गर्न सकून् र अनावश्यक रूपमा विदेश जानुपर्ने अवस्था नआओस् जसले ठूलो मात्रामा राष्ट्रिय पूँजी पनि बाहिरिन्छ। यदि नेपालमै पर्याप्त सिट उपलब्ध गराइएमा, ती विद्यार्थीहरूलाई आफ्नै देशमा अध्ययन गर्ने वातावरण सिर्जना गर्न सकिन्छ।

यद्यपि, यस सिट वृद्धिका कारणले यदि नेपालका चिकित्सा विधाका विद्यार्थीहरूले सबै सिट भर्न नसक्ने अवस्था आएमा खाली रहेका सिटलाई छिमेकी मुलुक, विशेष गरी भारतका विद्यार्थीहरूले सजिलै भरिदिन सक्नेछन् । नेपालजस्तै छिमेकी मुलुकका विद्यार्थीहरू समेत विदेशिन बाध्य भएको अवस्था विगतदेखि देखिँदै आएको छ । तथ्याङ्कनुसार करिब ८ लाख भारतीय विद्यार्थी वार्षिक रूपमा चिकित्सा शिक्षाका लागि सिट उपलब्ध नभएर विदेश जाने गरेका छन् । नेपालमा उपलब्ध भौगोलिक अवस्था, हावापानी, शैक्षिक गुणस्तर, शैक्षिक प्रणाली, पूर्वाधार, सामाजिक संरचना तथा रोगव्याधिको स्वरूप भारतसँग अत्यन्त मिल्दोजुल्दो भएकाले भारतीय विद्यार्थीहरूले नेपालमा चिकित्सा शिक्षा लिन विशेष रुचि देखाउँदै आएका छन्। यसरी, सिट वृद्धि गर्दा खाली रहने सम्भावना न्यून मात्र हुनेछ र अन्तर्राष्ट्रिय विद्यार्थी सहभागिताले नेपालको चिकित्सा शिक्षा क्षेत्र अझ सुदृढ र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बन्नेछ। यस अवसरलाई सदुपयोग गर्न, नेपालमै पर्याप्त सिट उपलब्ध गराउने नीतिगत कदम लिनु आजको अपरिहार्यता हो ।

नेपालमा हालसम्मको चिकित्सा शिक्षा र स्वास्थ्य सेवामा निजी मेडिकल कलेजहरूले करिब ७०% योगदान पुऱ्याएका छन्। यी संस्थाहरूले गुणस्तर कायम राख्दै निरन्तर रुपमा स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन्, जसको प्रत्यक्ष लाभ नेपाली जनताले पाएका छन्। त्यसैले, निजी मेडिकल कलेजहरूको स्रोतसाधन, क्षमता र योगदानलाई मान्यता दिँदै उनीहरूलाई आफ्नो पूर्ण क्षमतामा सञ्चालन गर्न सक्ने वातावरण बनाउनु आवश्यक देखिन्छ। तसर्थ, हाल कायम गरिएको MBBS को अधिकतम १३० सिटलाई न्यूनतम १५० सिटमा र BDS तर्फ न्यूनतम १०० सिट पुऱ्याई चिकित्सा शिक्षा क्षेत्रलाई अझ सशक्त, प्रभावकारी र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन चिकित्सा शिक्षा आयोगलाई गम्भीर पहल गर्न हामी पुनः जोडदार अनुरोध गर्दछौं।

प्रा.डा. ज्ञानेन्द्र मान सिंह कार्की

अध्यक्ष

एशोसिएन अफ प्राईभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपाल